SET-I

# SUMMATIVE ASSESSMENT – I

पहिलो संकलित परीक्षा - 2011

SU JECT : NEPALI ( CODE – 024)

CLASS – X

TIME : 3 HOURS MAXIMUM MARKS : 80

1. तलको अनुच्छेद राम्ररी पढ़ेर सोधिएका प्रश्नहरूका उत्तर लेख । - **2X5=10**

स्वजन्मभूमि, स्वराष्ट्र प्रतिको प्रेमलाई देशभक्ति अथवा देशप्रेम भनिन्छ। जुन मानिसको हृदय देश प्रेमले पूर्ण छ उसैले वास्तविक खुशीको जीवन यापन गर्न सक्छ। देशप्रेमी मानिसले आफ्नो जीवन सेवा एवं उपकारको वेदीमा निःस्वार्थ अर्पण गर्छ। उ सधैं स्वदेशको उन्नति, आफ्नो उन्नति, स्वदेशको सुख आफ्नो सुख अनि स्वदेशको सफलता आफ्नो सफलता भएको ठान्छ। यस्तै असंख्य देशवासीको बलमा नै देशको उन्नति भएको हुन्छ।

क. कस्तो मानिस सधैं खुशी रहन्छ ?

ख. देशभक्ति भनेको के हो ?

ग. देश प्रेमाले सधैं के ठान्छ ?

घ. देशद्रोही र स्वार्थ शब्दको विलोम शब्द माथिको अनुच्छेदबाट खोजेर लेख।

ङ. स्वराष्ट्र र यापन शब्द एउटै वाक्यमा प्रयोग गरेर लेख।

2. डन्बस्को स्कूल, प्रधान नगर सिलिगुड़ी, हुलाक प्रधान नगर, जिल्ला दार्जीलिङ्गको छात्रावासमा बसेर पढ़्ने छोरी रीतालाई पढ़ाइ लगायत खेलकूदमा पनि ध्यान दिने सुझाउ दिँदै एउटा पत्र लेख। - 10

3. (क) तल दिइएका वाग्धारा, उखान तुक्कालाई अर्थ खुल्ने गरी वाकयमा प्रयोग गर। - 3
कानमा तेल हाल्नु, आँखाको तारा हुनु, एक कान दुइ कान मैदान।

(ख) तल दिइएका शब्दहरू कुन-कुन समासमा पर्छन् छुट्याएर लेख। - **2**
राजदरवार, गहुँगोरो, हरसाल, चौरास्ता।

(ग) दुवै पद प्रधान हुने ------- समास हो भने विशेषण विशेष्यको मेल हुने ------ समास हो । - **1**

(घ) कर्ता कारकको चिन्ह 'ले' र करण कारकको चिन्ह 'ले'-मा के फरक छ ?- **2**

(ङ) 'को', 'का', 'की' कुन कारकका चिन्ह हुन् ? प्रत्येकलाई वाक्यमा प्रयोग गर। - **4**

4.(क) "डोको नाम्लो लिएर कता नि, हिँड़ घर जाऊँ।"

अ) उक्त गद्यांशको पाठ र लेखकको नाम लेख। - **1**

आ) उद्धृतांश कसले कसलाई भनेको हो ?- **1**

इ) उक्त कुरा कुन बेला भनिएको हो ?- **2**

(ख) चामेको चरित्र चित्रण गर।

**अथवा**

36

'परालको आगो.' कथामा लोग्ने स्वास्नी एकार्काका पूरक हुन् भन्ने तथ्य कसरी प्रष्ट पार्न खोजिएको छ ? - **3**

(ग) 'सोझा' लेखका लेखक को हुन् ? उनलाई कस्तो चिन्ताले सताएको छ कारण सहित प्रष्ट पार। - **4**

(घ) "दानव, दुष्ट, दुर्जन सोझाहरूकै भोलापनको ग्यासबाट उत्पन्न भएको विस्फोट हो।"यो गद्यांशको ब्याख्या गर। - **3**

(ङ) सही उत्तर चुनेर लेख :- **2**

i. दानव त सिधा सोझाकै बुद्धुपनको --------- उब्जने घाँस मात्र हो।

(क) कापबाट (ख) कोखबाट (ग) दिमागबाट (ग) मनबाट

ii. " उड़ी जाऊँ भने म पंछी होइन बस्न त मन छैन।" भन्ने गीत गाएर गौंथलीले के व्याक्त गर्न चाहेकी हो ?

(क) लोग्ने र घरको यादमा आफू एक्लो भएको महसूस गर्दै मनको बह पोखेकी।

(ख) सधैं माइतमा बस्ने आफ्नो इच्छा प्रकट गर्न चाहेकी।

(ग) उड़ेर आकाशमा भ्रमण गर्ने चाहना व्यक्त गरेकी हो।

5. (क) सप्रसंग व्याख्या गर : - **5**

पृथ्वीका जीवले
आकाशका ती तारालाई मात्र
देख्छन् तारा,
रामे,चामे,हर्के,वीरे, कति तारा
छन् पृथ्वी मै – तर देख्ने कसले ?

(ख) ' इस् पढ़छु तेरो कविता' शीर्षक कविताको सारांश लेख। - **5**

(ग) तलबाट सही उत्तर चुनेर लेख।

' इस् पढ़छु' तेरो कवितामा कविले कसलाई व्यंग्य प्रहार गरेका हुन् ?- **1**

अ) भाषा साहित्यप्रति रूचि नहुने स्वार्थी मानिसहरूलाई।

आ) भाषा साहित्यप्रति रूचि हुने निःस्वार्थी मानिसहरूलाई।

इ) आफ्नो अस्तित्व, दया,क्षमा जस्ता कुरामा निहित मानिसहरूलाई।

(घ) 'आकाशको तारा के तारा' कवितामा कविले 'पृथ्वीका रत्न' भनेर कसलाई भनेका हुन् ? - **1**

i. पृथ्वीमा भएका हीरा-मोतीलाई।

ii. पृथ्वीका बूढ़ा-पाका मानिसलाई।

iii. पृथ्वीको अन्न-वालीलाई।

iv. पृथ्वीका बालक-बालिकाहरूलाई।

6. (क) रने परिबन्धमा फँस्नको कारणहरू प्रष्ट पारेर लेख। - **4**

(ख) ऐते पाइलट एक सहयोगी र निःस्वार्थ पात्र थियो भन्ने तथ्य पाठको आधारमा खुलस्त पार। - **4**

(ग) " मलाई एउटा कुराको सन्तोक भो।"

i. उक्त वाक्यांश कसले कसलाई भनेको हो ? - **2**

ii. वक्तालाई कुन कुरामा सन्तोक भयो ? - **2**

7. (क) लक्ष्मी प्रसाद देवकोटालाई किन आशु कवि भनिएको हो ? - **2**

(ख) लक्ष्मी प्रसाद देवकोटाका कुनै चारवटा कृतिहरूका नाम लेख। - **2**

8. नेपालीमा अनुवाद गर । - **4**

**Passang and Ravi were going to School. On the way they met an old sick man. He could not cross the road because he was blind. So they helped him to cross the road.**

##########

20

SAMPLE QUESTION PAPER 2012

SA – I

Class IX – **Nepali (Code – 024)**

Time : 3 hrs. Max.Marks : 90

1. तलका परिच्छेदलाई राम्ररी पढ़ेर त्यसमाथि सोधिएका प्रश्नहरूका संक्षिप्त उत्तर लेखः-(2X5=10)

परिश्रमी विद्यार्थीलाई न माता-पिता तथा गुरूजनका अपशब्दको त्रास रहन्छ न परीक्षामा असफलताको। उ सबैको प्यारो रहन्छ अनि परीक्षा एवं अन्य कार्यमा सफलताले उसको चरण चुम्छ। तर जुन विद्यार्थी आलस्यको दास छ, उसले सदैव सबैका अपशब्द र अवहेलनाको पात्र बन्नुपर्छ। परीक्षा तथा अन्य क्रियासँग भयातुर बन्नुपर्छ - अनि पाइला-पाइलामा असफलताको सामना गर्नुपर्छ। परिश्रमी व्यक्तिको जीवन कस्तो हुन्छ, सो ईश्वरचन्द्र विद्यासागर जस्ता महान् व्यक्तिको जीवनीबाट थाहा लाग्छ।

(क) परिश्रमलाई के मानिएको छ?

(ख) परिश्रमी कसरी सबैको प्यारो हुन्छ?

(ग) कस्तो मानिस सबैको अवहेलनाको पात्र हुन्छ?

(घ) कसको जीवनीबाट परिश्रमा व्यक्तिको जीवनबारे ताहा पाइन्छ?

(ङ) उक्त पंक्तिलाई सुहाउँदो एउटा शीर्षक देऊ?

2. पाठशाला नगएर नक्कल पार्दै घुमी हिँड्ने तिम्रा साथीहरूलाई सम्झाउँदै एउटा पत्र लेख। 10

3. नेपालीमा अनुवाद गरः- 5

Once upon a time a fox was roaming about in a forest in search of food. He saw some ripe grapes hanging from the branches of a tree. He jumped to catch the grapes, but could not get at them. When he saw that he was unable to catch the grapes he gave up his attempt. He went away saying, "Grapes are sour".

4. (क) ठीक शब्द प्रयोग गरेर खाली ठाउँ भरः- (½×4=2)

(i) ओंठबाट उच्चारण हुने कुनै दुइ वर्ण ....... .......।

(ii) मात्रा लागेको व्यञ्जन .......।

(iii) स्+त्+अ= .......।

(iv) स्वर वर्ण नजोड़िएका वर्ण .......।

(ख) प्लुत वर्ण के हो? उदाहरणसहित लेख। 2

(ग) दिइएका शब्दहरूबाट ठीक शब्द चुनेर वाक्य पूरा गरः- (1×4=4)

(i) कारकको चिह्नलाई ....... भन्दछन्। (वचन / लिङ्ग / विभक्ति)

(ii) दाज्यूको स्त्रीलिङ्ग ....... हुन्छ। (दिदी / बहिनी / भाउज्यू)
(iii) 'त्यो' को बहुवचन ....... हुन्छ। (तिनीहरू / तिमीहरू / तिनीहरू)
(iv) कुनै काम गर्ने नामलाई ....... भन्दछन्। (कर्मकारक / करणकारक / कर्ताकारक)

(घ) छोटा उत्तर देऊः- 1x4=4
(i) 'घरमा धेरै माल छ।' बहुवचन बनाऊ
(ii) अघिल्लो शब्द बद्लिने नियम लगाएर दुइवटा पुलिङ्ग शब्दलाई स्त्रीलिङ्ग बनाऊ।
(iii) 'कमिलाले चिल्छ।' कुन लिङ्ग हो।
(iv) आदरार्थी एकवचन शब्द भएको एउटा उदाहरण लेख।

(ङ) अनेकार्थी, आदरार्थी र प्रकारार्थी बहुवचन भन्नाले के बुझिन्छ? 6
(च) कर्ता कारक र करण कारकको चिन्ह प्रयोग गरेर एक-एकवटा वाक्य बनाऊ। 3

5. उत्तर लेखः- 4 x2 =8
(क) फ्रण्टियरको देश कस्तो थियो वर्णन गर?

(ख) 'लुखुरेको मानसिक सपनाको फूलबारीमा एक्कासी तुषारो वैरियो।'
कसरी अनि किन? पठित पाठको आधारमा प्रष्ट पार।

(ग) भाव विस्तार गरः- 4
बिग्रने बेलामा आउँदैन मति।

(घ) दिइएका शब्दहरूबाट पाठमा प्रयोग गरिएका ठीक शब्द चुनेर वाक्य पूरा गरः- 1×4= 4
(i) हामी बूढ़ाको कहानी निकै ....... मानेर सुन्थ्यौं। (रूचि / चाह / चाख)
(ii) तारों हान्नमा यी पठान र अफ्रिदीहरू साहै ....... हुन्छन्। (निपुण / तेज / सिपालु)
(iii) लुखुरेको आँगनमा मानिसहरू....... भएका थिए। (भेला / जम्मा / एकत्रित)
(iv) 'त्यति माया मार्दामा लुखेलाई कुनै मर्का छैन।' यो लेग्रो ....... ....... ले झिकेका थिए। (द्वारेबा / सीताराम पण्डित / रामबीरे)

6. (क) सप्रसँग ब्याख्या गरः- (कुनै एक) 5
'रघुनाथ' जी सुन्दरकाण्ड ली अघि नै थिए तयारी
'वसन्त' कविका छली कृष्णजी हात ली पिचकारी
नेपाली जग उषाकालको स्वर्णीम रङ्ग पसारी
अलि मुसकाई हर्षित मनले खेले पहिले होली

वा

डर छैन मलाई मेरो निम्ति, तिम्रा हात वर छन् जबसम्मन्
तर ती हात कुनै दिन गल्लान् भनी व्यर्थ डराउँछ कातर मन, भगवान्।

(ख) 'हात' कविताको भावार्थ लेख। 05

39

(ग) छोटा उत्तर लेखः- (½×4=2)

(i) 'साहित्यिक होली' कवितामा परेका कुनै दुइ पत्रिकाको नाम लेख।
(ii) लक्ष्मी, धरणी-को पूरा नाम लेख।
(iii) हाम्रो शरीरका कुनै दुइ इन्द्रियहरूको नाम लेख।
(iv) कसका हात आशीर्वादस्वरुप जहिले तत्पर छन्?

7. (क) छोरी अन्भाउने बेलामा कारबारी हर्कसिंह बस्नेतले ज्वाइँलाई के भने? 4

(ख) "भाउज्यू, नयाँ फरिया लगाएर, दुल्ही जस्ती भई कता हिँड़ेकी नि?" 1x4=4

(i) यहाँ 'भाउज्यू' भनेर कसले सम्बोधन गरेका हुन्?
(ii) उसलाई कसले नयाँ फरिया ल्याइदिएका थिए?
(iii) कसलाई नयाँ फरियाले दुलही झैं देखिएको थियो?
(iv) उद्धृत वाक्यांश भएको पाठ र लेखकको नाम लेख।

(ग) निम्न वाक्यहरूमा पाठमा प्रयोग गरिएका शब्द चुनेर खाली ठाउँ भरः- 1x4=4

(i) कति ठाउँ कुद्न एकलो हुटिट्याउँ धन्य हो ....... थामिएको छ। (सागर / सगर)
(ii) साइँला बिजुवा साह्रै हल्का ....... जस्तो मान्छे। (भुवा / रूवा)
(iii) भुइँफुट्टाको चैं ....... हुँदैन अरे। (गुरू / चेला)
(iv) त्यस झाँक्रीले सबैको अघि आफ्नै ....... सर्कायो। (हाँड़ी / गाग्रो)

8. साहित्यकार शिवकुमार राईको साहित्यिक परिचय संक्षेपमा लेख। 4

18

****************